म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१७ अङ्कः- ९४ २०८२ फागुन ९ गते शनिबार 21 February 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## मुख्य याममै सौराहामा पर्यटक घटे

चितवन : विगतका वर्षमा यति बेला सौराहाका होटल ८० प्रतिशत हाराहारी भरिने गरेका थिए। यस वर्ष यति बेला आधा हाराहारी मात्र पर्यटक यहाँ आएका छन् । मुख्य याममा पर्यटक नआउँदा व्यवसायीमा निराशा छाएको छ । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउनुहुन्छ। गएको वर्ष यति बेला होटलका ८० प्रतिशत कोठा भरिने गरेका उल्लेख गर्दै यस वर्ष ५० प्रतिशतभन्दा कम कोठा बुक भएका उहाँको भनाइ छ । अध्यक्ष पाण्डेले भन्नुभयो, 'एकदमै राम्रो पर्यटकीय याममा पनि किन पर्यटक आएनन् हामी सोचमग्न छौँ ।' यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डी फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ। मौसमका हिसाबले पनि गर्मी र जाडो दुवै नहुने भएकाले ...बाँकी पृष्ठ ४ मा

# राज्य कठोर हुनुपर्छ तर निर्दयी हुन पाईदैन : मुख्यमन्त्री बानियाँ


अन्तरक्रियालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँ ।

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले राज्य कठोर हुनुपर्ने तर निर्दयी हुन नपाइने बताउनुभएको छ। शुक्रबार हेटौँडामा राजमार्ग विस्तारका क्रममा प्रभावित घरधनी तथा बागमती प्रदेश सरकारबीच अन्तरक्रियामा बोल्नुहुँदै मुख्यमन्त्री बानियाँले राज्य कानून पालना गराउन कठोर हुनपर्ने तर जनताको पक्षमा अन्याय हुनेगरी काम गर्न नपाउने बताउनुभएको हो ।

प्रदेश सरकारले तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वको सरकार हुँदा नै १६ मिटर दायाँबायाँ गर्ने गरी अघि बढ्न आफूले पनि प्रतिपक्षीको भूमिकामा रहेको स्मरण गर्दै संघीय सरकारले सो सहमतिमा अघि बढेमा प्रदेश सरकारले २ अर्ब परेपनि खर्च गरेर बाइपास निर्माण गर्न अझै तयार रहेको स्पष्ट पार्नुभएको छ । दलीय सरकार नभएको बखतमा निर्वाचनमुखी सरकारले हेटौँडाका घरहरु भत्काएको आरोप लगाउनुहुँदै अबको प्रतिनिधिसभाबाट चुनिने सरकारसँग हेटौँडाको सडक विस्तारलाई बाइपास निर्माणबाट समाधान गर्न पहल गरिने आश्वासन दिनुभएको छ ।

मुख्यमन्त्री बानियाँले यसअघि जुनसुकै दलको सरकार भएपनि जनतालाई अन्यायमा नपार्न हरदम कोसिस गरेपनि यतिखेर अप्राकृतिक प्रकोपबाट आएको सरकार भएको हुनाले समाधान भन्दा समस्या बढाउनतर्फ गएको आरोप समेत लगाउनुभयो । पछिल्लो समय महेन्द्र राजमार्ग तथा त्रिभुवन राजपथ विस्तारसँगै कान्तिराजपथ विस्तार गर्ने निर्णयबारे चासो व्यक्त गर्दै स्थानीय नागरिकहरुले कार्यक्रममा मुआब्जाबारे सशंकित हुँदै मुख्यमन्त्रीलाई प्रश्न राखेका थिए। प्रश्नको उत्तर दिनुहुँदै मुख्यमन्त्री बानियाँले कान्तिराजपथको हकमा केही वर्षअघि मात्रै मापदण्ड बढाइएकोले मुआब्जा अनिवार्य दिनुपर्ने समेत बानियाँले बताउनुभयो ।

कार्यक्रममा राजमार्ग विस्तारका क्रममा प्रभावित घर तथा जग्गाधनिहरुले आफ्ना व्यक्तिगत सम्पतिलाई सरकारीकरण गर्ने जस्तो गम्भीर निर्णय लिँदा सार्वजनिक सुनुवाइ लगायतका उत्तरदायित्वबाट पन्छिन नपाइने बताएका छन् । यस्तै प्रभावित घरधनीहरुले मकवानपुरका राजनीतिक दलहरुले राजमार्गका स्थानीय बासिन्दाका अन्याय पर्दा आधिकारिक कुनै विरोध नजनाएकोमा आफुहरु अचम्मित भएको गुनासो गरेका छन् । बाटो फराकिलो बनाई देश विकासमा बाधा पुऱ्याउन नहुनेमा आफुहरु एकमत रहेको बताउँदै कार्यक्रममा सहभागीहरुले सरकार आफैंले संविधानमा उल्लेख नागरिक हक तथा अन्तर्राष्ट्रिय कानुनको धज्जी उडाएको समेत आरोप लगाएका छन् ।

उनीहरुले अबको भरोसा भनेकै राजनीतिक दलको साथ मात्र रहेको समेत उल्लेख गरेका छन् । यस्तै कार्यक्रमका सडक विस्तार समस्या समाधान समितिका संयोजक राजकुमार न्यौपानेले सडक विस्तारका पीडितहरुको समस्याबारे कानूनी, सामाजिक, राजनीतिक कुनै पनि पक्षबाट सुनुवाइ नभएकोले बागमती प्रदेशसँगको सहकार्यमा समाधान खोजिरहेको बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्यहरु एकालाल श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट लगायत राजमार्ग विस्तारका प्रभावितहरुको उपस्थिति रहेको थियो ।

# मासिक परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पनि पुरस्कार



मासिक परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौँडा : सामान्यतः वार्षिक परीक्षाको नतीजामा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत गरिन्छ । तर, मकवानपुरको थाहा नगरपालिका-६, बज्रबाराहीस्थित बज्रबाराही माध्यमिक विद्यालयले मासिक परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई समेत पुरस्कृत गर्ने गरेको छ। विद्यालयले बिहान प्रार्थना समयमा कक्षागत उत्कृष्ट (प्रथम, द्वितीय र तृतीय) हुने विद्यार्थीलाई शैक्षिक सामग्रीसहित पुरस्कृत गर्ने गरेको छ ।

विद्यार्थीको मनोवल बढाउन मासिक परीक्षाका उत्कृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गर्ने गरेको प्रधानाध्यापक रामेशमान डंगोलले जानकारी दिनुभएको छ ।

विद्यालयले नियमित रूपमा सञ्चालन गर्दै आएको मासिक परीक्षाको नतिजा प्रकाशन गरी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरेको विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोलले जानकारी दिनुभयो । विद्यालयले २०७६ सालदेखि नियमित परीक्षा सञ्चालन गर्दै आएको छ । यस वर्ष विद्यालयमा कक्षा १० मा ३८ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयले उनीहरूलाई बन्द प्रशिक्षणमा राखेर पठनपाठन गरिरहेको छ। विद्यालयले माघ ६ गतेदेखि विद्यार्थीहरुलाई बन्द प्रशिक्षणमै राखेर पठनपाठन गराइरहेको छ । दोस्रो त्रैमासिक परीक्षामा ३८ जना विद्यार्थीले परीक्षा दिएकोमा १७ जना विद्यार्थी उत्तीर्ण भएका थिए ।

१० कक्षाका विद्यार्थीहरूलाई नगरस्तरीय परीक्षा १० गते आइतबारदेखि फागुन १७ गते आइतबारसम्म सञ्चालन हुँदैछ। यस परीक्षामा त्रैमासिक परीक्षाको तुलनामा अझ राम्रो नतिजा आउने अपेक्षा राखिएको प्रधानाध्यापक डंगोलले बताउनुभयो । प्याब्सन अन्तर्गतका परीक्षा सकिए पनि सामुदायिक विद्यालय अन्तर्गतका परीक्षा १० गते आइतबारबाट मात्रै सञ्चालन हुनेछ भने त्यस परीक्षामा प्याब्सन अन्तर्गतको सरस्वती मन्दिर र इंग्लिस सेकेण्डरी स्कुलले पनि सहभागिता जनाउने उहाँले बताउनुभयो ।

विद्यार्थीहरूलाई बन्द प्रशिक्षणमा राखेर पठनपाठन गर्नका लागि पालिकाबाट नियमित अनुदान बाहेक कुनै पनि सहयोग नरहेको उहाँको भनाइ छ । हाल बन्द प्रशिक्षणमा राखेर पठनपाठन गरिरहेका विद्यार्थीहरुलाई वडा कार्यालयले प्रतिविद्यार्थी चार चार हजारका दरले स्रोत व्यवस्थापन गर्ने वडा अध्यक्षले प्रतिबद्धता गर्नुभएको छ ।

विद्यार्थीहरूको पठनपाठन कमजोर हुनुमा अभिभावकको कम चासो रहेको पनि उहाँको भनाइ छ। हाल १० कक्षामा विद्यार्थीहरूलाई बन्द प्रशिक्षणमा राखेर पठनपाठन गराइरहेका कारण अभिभावकहरुको चासो बढेको उहाँको भनाइ छ । नतिजा सुधारका लागि परीक्षाको विश्लेषण गरेर अभिभावकहरूलाई जानकारी गराएर अझ राम्रो बनाउँदै जाने प्रधानाध्यापक डङ्गोलले बताउनुभयो । यस वर्ष कक्षा ८ मा २७ जना विद्यार्थी रहेका छन् । ६ कक्षामा अध्ययनरत विद्यार्थीलाई गत भदौदेखि नै अङ्ग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षाहरु सञ्चालन गर्दै आएको छ ।

# ३ जिल्लामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको ३ जिल्लामा विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन, सिन्धुपाल्चोक र सिन्धुली जिल्लामा बिहीबार ३ मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-१२, मुनालचोकमा घाइते अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ। बुधबार दिउँसो ३ बजेको समयमा भरतपुर महानगरपालिका-२२, पटिहानीका ४५ वर्षीय रुद्र धमला घाइते अवस्थामा फेला परेका थिए । उनलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारका क्रममा दिउँसो ३ बजेर २० मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-५, ठूलीभिर जंगलमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । मृत फेला पर्नेमा ६० वर्षीया सीता कार्की रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार बिहान ७ बजेको समयमा सीता कमलामाई-६, राटामाटास्थित रामेश्वरधाम मन्दिरमा सप्ताह सुन्न जान्छु भनी घरबाट हिँडेकी थिइन् । उनि अबेरसम्म घर नफर्किएपछि आफन्त र स्थानीयले खोजी गर्दै जाँदा साँझ ५ बजेर १० मिनेटको समयमा ठूलीभिर जंगलमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-३, भिरखर्कस्थित सेल्पाप सामुदायिक वनमा रुखबाट लडेर एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ६१ वर्षीय भिमबहादुर श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार दिउँसो ३ बजेको समयमा श्रेष्ठ सेल्पाप सामुदायिक वनको चिलाउनेको रुखमा घाँस काट्ने क्रममा लडेर घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# ४१ दलले ल्याए चुनावी घोषणापत्र

काठमाडौं : २१ फागुनको निर्वाचनका लागि बिभिन्न ४१ वटा राजनीतिक दलले चुनावी घोषणापत्र ल्याएका छन् । निर्वाचन आयोगका उपसचिव एवं सहायक प्रवक्ता सीता पुनका अनुसार शुक्रबारसम्म ४१ वटा राजनीतिक दलहरुले घोषणापत्र सार्वजनिक गरी त्यसको जानकारी निर्वाचन आयोगमा गराएका हुन् ।

प्रत्यक्षतर्फ निर्वाचनमा भाग लिने दलको संख्या ६७ छ। समानुपातिक तर्फ भने ६३ दलका उम्मेदवार रहेका छन् । यसमध्ये ४१ वटा राजनीतिक दलहरुले घोषणापत्र ल्याएका हुन् । निर्वाचन आयोगले यही फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेस गर्न निर्देशन समेत दिएको थियो । तर, अझै पनि कैयन दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरेर निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेस गरेका छैनन् ।

आयोगका अनुसार निर्वाचनको घोषणापत्रप्रति राजनीतिक दल तथा उम्मेदवारलाई नागरिकसमक्ष जवाफदेही बनाउने उद्देश्यले घोषणापत्र सार्वजनिक गर्न भनिएको हो । यससम्बन्धी व्यवस्था निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ मा पनि छ। आचारसंहिताको व्यवस्था बमोजिम निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूलाई घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न भनिएको हो ।

स्रोत : अनलाइनखबर ।



# मनिषाको सपना



**सुमन राय**

मनिषा मेरी साथी, सानो गाउँकी छोरी,
गरिबीको घेरामा हुर्किएकी तर आँटले ठूली ।
घरको छानो चुहिन्छ, भान्सामा धुँवा मात्र,
तर उसको आँखामा देखिन्छ,
उज्यालो भविष्यको पात्र ।

बाबाको पसिनाले चल्छ
सानो घरको गुजारा,
आमाको हातमा छ घाउ,
कामको भारी सारा,
तर मनिषाको मनमा
एउटै मात्र चाहना,
भलिबल खेल्दै उड्ने
बनाउने आफ्नै पहिचान ।

च्यातिएको जुत्ता, पुरानो बल हातमा,
खुला मैदानमा दौडिन्छ ऊ
बिहानैको साथमा ।
भोकले कहिलेकाहीँ
कमजोर बनाउँछ शरीर,
तर उसको सपनाले दिन्छ,
उसलाई अटल धैर्य र वीर ।

स्कुलको टिममा उ जब पहिलोपटक छानी,
खुशीले रसाए उसका आँखाका पानी ।
'एक दिन राष्ट्रिय खेलाडी बन्छु,'
भनेर उसले गरिन् आफैसँग वाचा साँचो ।

हार्दा पनि मुस्कान,
जित्दा पनि नम्रता,
गरिबीले सिकायो उसलाई संघर्ष र समर्पण ।
ऊ भन्छे- 'गरिब हुनु दोष होइन है',
'सपना ठूलो हुनु नै मेरो साहस हो यही ।'

एक दिन आउनेछ समय,
मैदानमा गुञ्जिनेछ उसको नामले,
तालिमले भरिनेछ आकाश,
उसको मिहिनेतको कामले ।
त्यो दिन सम्झिनेछे,
ऊ आजका यी आँसुका पल,
जहाँ गरिबीले होइन,
सपनाले जितेको हुन्छ हरपल ।

मनिषा मेरी साथी,
तिमी हार्नु हुँदैन कहिल्यै,
तिम्रो भलिबलसँगको प्रेम सधैं रहोस्,
बलियो र अविचल ।
किनकि तिम्रो सपना केवल,
तिम्रो मात्र होइन,
गरिब घरको उज्यालो,
आमाबाबुको गौरव र आशाको रोशनी हो ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

## गाउँखाने कथा

**१. सगरमाथाको टुप्पोमा चारकोसे झाँडी ।**
- **कपाल**

**२. बीचको अक्षर झिकिदिए जाउ परमधाम ।**
- **मकर**

**३. सधैँभरि झुन्डिएर हेर्छु, महिना दिनमा अनुहार फेर्छु ।**
- **भित्तेपात्रो**

**४. लेखिएको छ दुवैपट्टि किताब त्यो होइन, डुल्छ फेरी जहाँतहाँ खुट्टा भने छैन ।**
- **सिक्का**

**५. सुनलाई कुँट्दा निक्ल्यो चाँदी, चाँदी पकाई मुखभित्र खाँदी ।**
- **भात**

# आमा



**करिश्मा चौलागाई**

मेरा सपना कहाँ सजाऊँ
कागजमा लेखुम फाट्ला
किताबमा लेखुम हराउला
भगवानलाई भन्नु प्रार्थना गर्न कहिले भुले भने
मेरा सपना आफ्नो मनमा सजाउँछिन्
मेरा कुरा सबै सुन्छिन्
मलाई सही बाटो देखाउँछिन्
मेरा लागि कहिले नभुल्ने
भगवानसँग प्रार्थना गर्छिन् ॥

के बयान गरौँ आमा
आफूले नखाएर मलाई खुवायौ
के भनम आमा
तिमीले नै यो संसार देखायौ र बोल्ने बनायौ
के लेखौँ आमा तिम्रो बारेमा
तिमीले नै मलाई लेख्यौ ॥

*कक्षा-१०, भुटनदेवी मावि, हेटौँडा-४*

# आमा



**सनम कुमारी**

तपाईं नहुँदा म यो दुनियामा हुँदैनथेँ ।
तपाईं यो दुनियाको भगवान हो ।
आमा जसको भाग्यमा हुन्छ
त्यो भाग्यमानी हुन्छ ।
आमाले हामीलाई ९ महिना
आफ्नो कोखमा राख्नुहुन्छ ।

हामीलाई आफ्नो भाग दिनुहुन्छ ।
आफू भोकै बस्नुहुन्छ ।
हाम्रा खुसी हेरेर खुसी हुनुहुन्छ ।
हाम्रा सपना पूरा गर्न
आफ्नो सपना छोडिदिनुहुन्छ ।

तपाईंको माया देखेर यती खुसी हुन्छु ।
हामीलाई केही भए तपाईंको मन दुख्छ ।
ठूलो भएपछि म आमाको सपना पूरा गर्छु ।
आमा जस्तै कोही हुँदैन यो संसारमा ।
मेरी आमा.....

*कक्षा-४, ज्ञानदा मावि, हेटौँडा-१०*

# सामान्य जानकारी



**शान्ता थिङ**

लिखु नदीको अर्को
नाम हो वरुण
प्रसिद्ध छ भक्तपुरको दही
त पल्पाको करुवा ।

माता सरस्वतीको
वाहन हो हाँस
सबैभन्दा छिटो बढ्ने
विरुवा हो बाँस ।

चीनबाट भएको थियो
कागजको उत्पति
थोमसले आविष्कार गरे
बिजुली बत्ती ।

सबैभन्दा बढी भूकम्प
जाने देश हो जापान
सबैभन्दा ठूलो भूपरिवेष्टित
राष्ट्र हो काजकिस्तान ।

सबैभन्दा कम जनसङ्ख्या
भएको
जिल्ला हो मनाङ
मरुभूमिको हावापानी पाइने
जिल्ला
भनेर चिनिने मुस्ताङ ।

सन् १९४७ मा भारत
स्वतन्त्र भयो ।
वि.सं. २०७२ मा नेपालमा
दोस्रो ठूलो भूकम्प गयो ।

*कक्षा-९, बालज्योति मावि, हेटौँडा-५*

# गुरु



**सुजन ब्लोन**

हाम्रो प्रिय गुरु
ज्ञानको उज्यालो बाल्ने
नेपाली पढ, यो हाम्रो पहिचान हो
भनी सधैँ हौस्याउनुहुन्छ
त्यो सन्देश हो उहाँको
कक्षामा आउनुहुन्छ मुस्कान लिएर
हामी बस्छौँ ध्यान दिएर

शब्द-शब्दमा आत्माको मोल सिकाउनुहुन्छ
शुद्ध नेपाली बोल्न-लेख्न हामीलाई डोऱ्याउनुहुन्छ
उहाँ जस्तो गुरु पाउनु साँच्चिकै भाग्य
उहाँको पढाइ महान्
कहिले कथा, कहिले कविता सुनाउनुहुन्छ
गाह्रो पाठ पनि सजिलै बुझाउनुहुन्छ
नेपाली अनिवार्य हो
भनी सम्झाउनुहुन्छ
स्वपहिचानको बाटो देखाउनुहुन्छ

बीच-बीचमा टुप्पी मिलाउँदै मुस्कान दिनुहुन्छ
हामीलाई रमाउँदै पढ्न सिकाउनुहुन्छ
टुप्पी झन् चम्किन्छ उहाँको शान
खैरो कोटमा देखिनुहुन्छ हरपल
कक्षामा पस्दा लाग्छ सुपरस्टार झैँ
हामी हेरिरहन्छौँ आदरले सधैँ

कहिले नजर तल, कहिले त माथि
हाम्रो ध्यान पढाइसँगै चस्मामा पनि पुग्छ
हाँसोभित्र लुकेको स्नेह अपार
उहाँकै शब्दले बनाउँछ हाम्रो
भविष्य उज्यालो र विशाल

जीवनमा झरेका पलहरूमा पनि
गुरु बा नै हाम्रो सहारा हुनुहुन्छ
कक्षा हाम्रा लागि केवल कोठा मात्र होइन
त्यो त सपनाको आँगन हो
जहाँ जीवन कोर्न सुत्र पाइन्छ
जहाँ उज्यालो भविष्यको रेखा कोरिन्छ
हो त्यही गुरु बा
तपाईं हाम्रो गर्व
हाम्रो भाषा, हाम्रो पहिचानको स्वर

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौँडा-४*

# परदेशिएको ऊ



**रुपा ढुंगेल**

वर्षौं अघि सपनाको महल
बनाउन उडेका पङ्खाहरूले
विश्राम लिए कि छैनन् होला ?


आमाको थोत्रो धोती फेर्न
पियारीलाई सारा खुसी दिन
प्राणभन्दा प्यारा सन्तानको
भविष्य बनाउन
लम्केका उसका पाइला
कहिलै थाक्लान् कि नथाक्लान् ?

मन उसको पनि रोला
साहारा उसलाई पनि चाहिएला
उसका शरीर पनि थाक्लान्,
आँसु उसका पनि खस्लान्,
अरूका खुसी खोज्दा खोज्दै
रुमलिएको उसको मन चाहिँ
खुसी कहिले होला ?

एकदिन खुसी हुने आसमा
वर्षौं बितेको उसले
पत्तो पाउला की नपाउला ?
दसैँ, तिहार चाडपर्व आउँदा
उसको मन रमाउला कि रोला ?

*शिक्षक, नवोदय शिशु सदन, हेटौँडा-४*

# चित्रकला






Dixit Aryal, Class-UKG, Solidarity int academy, Hetauda -10






**अनराज लामा**
**कक्षा-९, निर्मल मावि**
**हेटौँडा-१९**





**सागर कुशवाह**
**कक्षा-४, बालज्योति**
**मावि, हेटौँडा-५**

# गजल



**एवाइ प्रभात**

आँसु पुछ्दै आमाले, माटोलाई अँगालिन् ।
छोराको रगत रातो, भयो देशको शालिन् ।

सत्ताको सिंहासनमा, बसेका छन् सुतेका,
सीमानामा जाग्राम छन्, वीरका सवालिन् ।

खाली हात बोकेर, सपनाले भरिएको,
गरिबको छातीभित्र छ, निरन्तर पालिन् ।

बेच्ने धेरै भए जमिन, झण्डा स्वाभिमान,
नबेचिने काम खाएर, कलम भो चालिन् ।

टुटेका पूल, भत्केका घर, अझैं अडेको मन,
पीडामै उभिएको छ देश, दुश्मन त हालिन् ।

*धनकुटा*

# चुनावको माहोल



**सुदर्शन विश्वकर्मा**

गाउँघरमा दुःखको बास
हिउँदे चिसो, वर्षाको त्रास
छानो चुहिन्छ भाँडो छ रित्तो
भोकै पेटमा निद्रा लाग्छ कसको ?

बाटो भत्केको, खेत छ बाँझै
रोग लाग्दा अस्पताल पुग्नुपर्छ टाढै
बालकको हातमा कापी छैन
आमाको आँखामा त सपना पनि छैन

चुनाव नजिकिँदै गर्दा भने
नेताहरू गाडी चढी आउने
धुलाम्मे बाटोमा मुस्कान बोकी
गरिबका आँगन टेक्न पुग्ने

देश बदल्छौं भाग्य फेरौंला भन्दै
मीठा भाषण छर्ने
पाँच वर्षको लामो रातमा
कसले आँसु पुछ्न फर्कने ?

हाम्रो घरमा दुई हात जोडी
भोट माग्न झुकेर आउने
अरुबेला तिनै आँखाहरू
हामीलाई बाटोमा नदेख्ने

एकअर्कालाई दोष लगाउँदै
माथि चढ्न होड चल्ने
भित्रभित्रै हातेमालो गरी
जनताको विश्वास बेच्ने

गरिबको सपनामा
पोस्टर टाँसिन्छ, फाट्छ, उडेर जाने
भोक, बेरोजगारी, ऋणको भारी
त्यहीं उस्तै फेरि नहट्ने

गाउँ अझै अँध्यारोमै डुब्छ
बत्ती बलेन अझै आशा मर्छ
चुनाव सकिएपछि फेरि
जनताको कथा कसले सुन्छ ?

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# गीत



**नवशिला**

फरक छ चाहना फरक छ जमाना
फरक छ हेराई फरक छ निशाना ।

कसैले जीवनलाई लगाएर दाउ
गएछ यो दिल भित्र बनाएर घाउ
अनेकौं कहानीले भरिएछ पाना
फरक छ चाहना फरक छ जमाना ।

के हेर्नु यो दुनियाँ सधैं पिरबाट
अक्कर झैं यो जीवन तारे भिरबाट
सुखद जिन्दगीको भएछ रमाना
फरक छ चाहना फरक छ जमाना ।

कहाँ फुल्छ होला नओइलिने फूल
कसरी पखाल्ने होला सारा भूल
फरक बज्ने धुन फरक छ यो गाना
फरक छ चाहना फरक छ जमाना ।

*बेलबारी-२, नवदेव मार्ग*
*लालभित्ती, मोरङ*

# जीवन बुझेपछि



**सरोज प्रसाद साह**



धेरै चोट खाएँ अनि जीवन बुझेपछि,
हाँस्न सिकें, आफ्नै पीडा सुझेपछि ।

आफ्नै भनिएका सबै साथ, छोडेर गए,
मान्छे चिनिन्छ, समय गुज्रेपछि ।

सपना त आँखा भरी थुप्रै थिए कहिले,
केही हराए यथार्थले छोएपछि ।

धन, मान, सम्मान सबै क्षणिक रहेछन्,
मनको शान्ति भेटियो, आफू रुजेपछि ।

हावाले सिकायो मलाई झुक्न पनि,
रुख झैं बलियो भएँ आँधी बुझेपछि ।

हारले नै सिकायो जितको स्वाद मलाई,
सफलता मिठो लाग्यो असफलता सुझेपछि ।

अब डर लाग्दैन मलाई संसारसँग,
म बलियो भएँ, जीवन चिनेपछि ।

# अभिषेक



**कृतिका हुमागाई**

अभिषेक, तिम्रो नाम उच्चारण गर्दा
ओठमा मुस्कान आफैं फुल्छ,
मनको आकाशमा आशाका बादल
हलुका हावासँगै बग्न थाल्छन् ।

तिमी भेटिनु भन्दा अघि
दिनहरू साधारण थिए,
तर तिमी आएपछि
हरेक पल अर्थपूर्ण बन्यो ।

तिम्रो बोलीमा न्यानोपन छ,
तिम्रो आँखामा विश्वास,
तिम्रो मौनतामा पनि
माया बोलेको महसुस हुन्छ ।

जब थाकेर बस्छु म,
तिम्रो सम्झनाले
फेरि उठ्ने हिम्मत दिन्छ,
जसरी घामले
बिहानलाई उज्यालो बनाउँछ ।

अभिषेक,
तिमी केवल नाम होइनौ,
तिमी त त्यो अनुभूति हौ
जसले मनलाई
शान्त र सुरक्षित बनाउँछ ।

समयले कति परीक्षा लिओस्,
बाटो जतिसुकै लामो होस्,
यदि साथ तिम्रो छ भने
हरेक गन्तव्य सुन्दर लाग्छ ।

आज मात्र होइन,
भोलि र भोलिपछिका
दिनमा पनि
मेरो कविताको हरेक पंक्तिमा
तिमी नै रहनेछौ ।

*कक्षा-११ (शिक्षा संकाय)*
*सिद्धार्थ मावि, हेटौंडा-२*

# एक्लोपन



**श्रेया बतौंला**

अँध्यारो यो रातमा कोही छैन साथमा
न आमा छिन् न त बाबा नै ॥

जिन्दगी यो खेलमा जित्नलाई त सक्दिन होला मैले
तर हारे पनि रमाउन सिकेकी छु
कसैले कसैलाई नि विश्वास गर्नु हुँदैन भन्ने
कुरा सिकेकी छु ॥

एक्लोपनमा नै रमाउन सिकेकी छु
एक्लोपनमा नै बाँच्नलाई
एक्लोपनमा नै सबै साथीलाई चिनेकी छु
एक्लोपनमा नै आफूले आफूलाई ॥

हरेक दिन रात आफूबाट आफैं टुट्दै छु
जिन्दगीको बारेमा सबै कुरा बुझ्दै छु
समयले त झन् झन् एक्लो बाँच्न सिकाएको छ
तर पनि एक्लोपनमा रमाउन सिक्दै छु ॥

सुखमा साथ दिने व्यक्ति र दुःखमा हात छोड्ने
व्यक्ति त धेरै नै भेटिसके छु
त्यसैले एक्लोपन रमाउन र एक्लोपनमा हँसाउन
सिकेकी छु ॥

*कक्षा-१०, भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-४*

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**: मान्यजन तथा वरिष्ठ व्यक्तिसँग निकटता बढ्ने छ। प्रतिष्ठामा वृद्धि हुने छ । व्यापार–व्यवसाय ठिकै रहने छ । काममा प्रयास गरे सफलता प्राप्त हुनेछ । परिस्थितिको दुर्बलता र मानसिक कठोरता भने कायमै होला । धार्मिक एवम् सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । अध्ययन–अध्यापन मध्यमकारक नै मान्नुपर्ने समय योग छ ।

**वृष राशि**: दृढता र हौँसला आवश्यक हुने समय देखिन्छ। व्यापार–व्यवसायमा भने सोचे अनुरुप लाभ नहोला । कारोबारमा मन्दी छाउने छ । गोपनीयता बाहिरीनाले मानसिक कमजोर रहला । अध्ययन अध्यापनमा धेरै नएकोहोरिदाँ राम्रो रहला । धार्मिक एवम् सामाजिक अनि राजनैतिक क्रियाकलापमा सरिक भइने समय योग छ ।

**मिथुन राशि**: आयआम्दानीमा वृद्धि हुने समय योग देखिन्छ। उपहार र चिठ्ठाबाट लाभ होला । प्रेमी/प्रेमीकाको मिलन हुने समय हो । मन फुकाएर कुरा राखिएला । नयाँ सवारी साधन खरिद गरिएला । मीठो भोजन प्राप्ति होला । मन उत्सुक र आशावादी बनिएला । मन भावुक र चञ्चल बन्ला । नोकरीमा सफलता प्राप्त होला ।

**कर्कट राशि**: अरुको काम गर्नाले आफ्नो समस्या जस्ताको त्यस्तै रहला । नकारात्मक कुरालाई हाबी हुन दिनु हुँदैन । बिचाराधीन र बिवाहित मुद्धाहरु हल होलान् । धार्मिक र सामाजिक काममा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । वैदेशिक प्रयोजनका काममा सफलता होला । पढाई–लेखाई ठिकै छ। प्रेम जीवनमा दोधार होला ।

**सिंह राशि**: कसैप्रति अलि बढी आकर्षित भइएला। आफ्ना बिचार र भावना माथि नियन्त्र गर्दा राम्रो। बुद्धि र कौशलको प्रयोगले लाभ होला। बाध्यात्मक परिस्थितिले अलमल्याउँला। प्रेमी र प्रेमीकालाई सर–सहयोग हुने देखिन्छ। दार्शनिक र आध्यात्मिक भावना पैदा होला । प्राज्ञिन र ज्ञानगुणका क्षेत्रमा समय बित्ला ।

**कन्या राशि**: राजनैतिक प्रतिद्वन्द्वीले हानी पुऱ्याउँन सक्ने समय योग छ। गोपनीयता बाहिरीनाले हानी पुग्ला । आफ्नो समझदारीले समस्या हल हुने योग छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ। अर्कोको सुझाव ग्रहण गर्दा राम्रो रहन्छ। आफ्नो पार्टनरलाई समय दिन नसक्दा अप्ठ्यारो पर्ला। पढाई–लेखाई ठिकै देखिन्छ।

**तुला राशि**: बिछोडिएका साथीभाईसँग भेटघाट होला । सामाजिक र परोपकारी भावनाको विकास हुनेछ । आर्थिक स्थिति उकास्न अलि बढी मिहिनेत गर्नुपर्ला । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । अध्ययन–अध्यापन ठिकै रहने छ । आत्मसम्मान प्राप्त हुने योग छ । अर्कोको काममा समय व्यतित हुने योग छ ।

**वृश्चिक राशि**: आर्थिक पक्ष सुदृढ रहने छ । आयआम्दानीमा वृद्धि हुने योग छ । कार्यक्षेत्रमा बोली र कामको कदर होला । पारिवारीक वातावरण पनि ठिकै देखिन्छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । बोली र व्यवहारमा नम्रता राख्दा राम्रो । विद्या प्राप्ति र पठनपाठनको क्षेत्रमा प्रसिद्धि कमाइएला ।

**धनु राशि**: दैनिक कामको निरन्तरता बाहेक कानुनी अल्झन र आर्थिक गतिविधिलाई व्यवस्थापन गर्नु राम्रो रहने छ । प्रतिस्पर्धाले झन् काम गर्ने अवसर प्राप्त होला । कडा परिश्रमले काममा पूर्णता होला । सामाजिक र राजनैतिक काममा समय बित्ला । अध्ययन–अध्यापन मध्यमकारक नै छ । व्यवहारिक बन्दा अझैं लाभ हुने योग छ ।

**मकर राशि**: आशावादी नभई लगनशील बन्दा राम्रो रहन्छ। विरोधी र प्रतिस्पर्धीसँग बचेर काम गर्दा राम्रो रहन्छ। काममा गोपनियता राख्दा राम्रो रहन्छ। आर्थिक पक्ष बाधक बन्ला । व्यापार–व्यवसायमा मध्यमकारक समय रहला । ऋण वा सापटीको समय छ। पढाई–लेखाई मध्यमकारक नै मान्नुपर्दछ। धार्मिक कृत्यमा सरिक भइने छ ।

**कुम्भ राशि**: आत्मविश्वास बढ्ने र आयस्रोतमा वृद्धि हुने योग छ। शेयर कारोबार बाट लाभ प्राप्त होला। प्रतिभा अनुसार अवसर मिल्नेछ। सामाजिक एवम् धार्मिक क्षेत्रमा सुसम्बन्ध कायम होला। बौद्धिक र ज्ञानमूलक क्षेत्रमा मन एकोहोरो हुनेछ।

**मीन राशि**: अनुकूल समय भएकोले काममा बाधा हुने छैन । नवीन रोजगारीको अवसर प्राप्त होला । बन्दव्यापार र कारोबारमा वृद्धि हुने समय योग देखिन्छ । दौडधूपमा समय व्यतित होला। बुद्धिकौशल र बाहुबलको प्रयोग गर्दा राम्रो रहन्छ। अभिभावकको आशिर्वादले लाभ होला। पढाई–लेखाई ठिकै समय योग छ।

**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# हेटौंडामा राष्ट्रपति रनिङशिल्ड सुरु



राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उद्घाटन समरोहमा मार्चपास गर्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता शुक्रबारबाट सुरु भएको छ । हेटौंडा उपमहानगरपालिको आयोजना तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा हेटौंडा-४ स्थित हुप्रचौरमा प्रतियोगिता सुरु भएको हो ।

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहम्मद समिमको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा उद्घाटन समारोह भएको थियो । उद्घाटन समारोहमा विद्यार्थीले मार्चपास प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्दै नगरप्रमुख लामाले खेलकुद जीवन बनाउने माध्यम भएको बताउनुभयो ।

शुक्रबार उद्घाटनको अवसरमा भलिबल, सटपुट, छात्र र छात्रा दौड र ट्रिपल जम्प लगायतको प्रतियोगिता भएको हो । १ सय मिटर दौड प्रतियोगितामा छात्रतर्फ भुटनदेवी माविका आशिष यादव प्रथम र राज यादव दोस्रो र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका दिवस लामा तेस्रो भएको हो । त्यस्तै छात्रातर्फ श्रमिक माविकी हसिना खातुन पहिलो, ज्योति माविकी बजागाई दास्रो र बालबोध माविकी जेनिशा अर्याल तेस्रो भएकी हुन् ।

यसैगरी ८ सय मिटर दौड प्रतियोगितामा छात्रतर्फ जनप्रिय मावि, भुटनदेवी मावि र सिद्धार्थ मावि क्रमशः प्रथम, द्बितीय र तृतीय भएको हो । ८ सय मिटर छात्रा दौड प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि, श्रमिक मावि र ज्योति माविले क्रमशः प्रथम, द्बितीय र तृतीय स्थान हासिल गरेको छ । १५ सय मिटर छात्र दौड प्रतियोगितामा निर्मल मावि, आधुनिक राष्ट्रिय मावि र जनप्रिय मावि क्रमशः प्रथम, द्बितीय र तृतीय भएका छन् । १५ सय मिटर छात्रा दौड प्रतियोगितामा श्रमिक मावि, चन्द्रोदय मावि र जनज्योति मावि क्रमशः प्रथम, द्बितीय र तृतीय स्थान हासिल गरेको छ ।

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तर्गत उसु, कराते, तेक्वान्दो, भलिबल, कबड्डी र एथ्लेटिक्स विधाका खेलहरु हुनेछन् । मार्चपासमा प्रथम, द्बितीय र तृतीय हुनेले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार पाउनेछन् । अन्य प्रतियोगिता विजेताहरुले भने शिल्ड, मेडेल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आईतबारसम्म चल्नेछ । उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंको आतिथ्य रहेको थियो ।

# शिक्षक भलिबलको उपाधि मत्स्यनारायण माविलाई




उपाधि साथ मत्स्यनारायण माविको टिम ।

समाज संवाददाता

हेटौंडा : थाहा नगरपालिकास्तरीय दोस्रो रनिङशिल्ड शिक्षक भलिबलको उपाधि मत्स्यनारायण माध्यमिक विद्यालयले जितेको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिको आयोजना भएको प्रतियोगिताको उपाधि मत्स्यनारायण माविले जितेको हो ।

शुक्रबार भएको फाइनल खेलमा मत्स्यनारायण माध्यमिक विद्यालयले स्वच्छन्द भैरव माध्यमिक विद्यालयलाई २५-१४ र २५-१८ को सोझो सेटमा हराउँदै उपाधि उचालेको हो । उपाधि जितेसँगै मत्स्यनारायण माविको टिमले २५ हजार रुपैयाँ र उपविजेता बनेको स्वच्छन्द भैरव माविले १५ हजार रुपैयाँ पुरस्कार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

शुक्रबार बिहान भएको पहिलो सेमिफाइनल खेलमा मत्स्यनारायण माविले सुन्दरीदेवी माध्यमिक विद्यालयलाई २६-२४, ३१-३३ र १५-११ ले हराउँदै फाइनल प्रवेश गरेको थियो । त्यसैगरी दोस्रो सेमिफाइनल खेलमा स्वछन्द भैरव माविले नाटेश्वर माध्यमिक विद्यालयलाई ३२-३०, ११-२५ र १५-१२ ले हराउँदै फाइनलमा प्रवेश गरेको थियो । सेमिफाइनलमा पराजय व्यवहोरेका सुन्दरीदेवी मावि र नाटेश्वर माविले ५/५ हजार रुपैयाँ नगद पुरस्कार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगिताको बेस्ट सेटर मत्स्यनारायण माविका समिर नापित, बेस्ट स्पाइकर स्वच्छन्द भैरव माविका पिताम्बर घिमिरे र बेस्ट प्लेयर मत्स्यनारायण माविका साहिल तामाङ घोषित भएका हुन् । उत्कृष्ट खेलाडीहरुले ट्रफी प्राप्त गरेका छन् । प्रतियोगिताको समापन समारोहमा थाहा नगरपालिका प्रमुख विष्णुबहादुर बिष्टको प्रमुख आतिथ्य र थाहा नगरपालिकाका खेलकुद संयोजक टिकाराम स्याङ्तानको विशेष आतिथ्य रहेको थियो । बुधबारदेखि सुरु भएको प्रतियोगितामा १४ वटा विद्यालयको सहभागिता रहेको थियो ।

# बास्केटबल लिग चैतमा

काठमाडौं : राष्ट्रिय बास्केटबल लिग (एचजेबीएल) आउँदो चैत १० देखि वैशाख ११ गतेसम्म आयोजना हुने भएको छ । नेपाल बास्केटबल सङ्घले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरेर प्रतियोगिता काठमाडौंको त्रिपुरेश्वरमा रहेको कभर्ड हलमा सञ्चालन हुने जानकारी दिएको हो ।

३२ दिनसम्म चल्ने लिगमा आर्मी, काठमाण्डौ भ्याली कलेज हाउन्ड्स, टाइम्स इन्टरनेशनल कलेज, गोल्डेनगेट इन्टरनेशनल कलेज, प्लेबक्स, सोलो बास्केटबल, कीर्तिपुर र रोयल गरी आठ वटा टोलीको सहभागिता रहनेछ । प्रतियोगिता डबल राउन्ड रोबिनका आधार मा हुनेछ भने शीर्ष टोलीहरू प्लेअफमा पुग्नेछन् । खेलहरू दैनिक दिउँसो ४ बजे र बेलुकी ७ बजे हुनेछन् ।

आयोजककाअनुसार लिगले नेपाली बास्केटबललाई व्यावसायिक संरचना दिनुका साथै खेलाडीहरूलाई थप अवसर र प्रतिस्पर्धात्मक वातावरण प्रदान गर्ने लक्ष्य लिएको छ । प्रतियोगिताको गएको संस्करणको उपाधि टाइम्स बास्केटबल क्लबले जितेको थियो ।

## मुख्य याममै...

सबैका लागि उपयुक्त यही समय हो । सबै हिसाबले राम्रो भए पनि विदेशी पर्यटक न्यून मात्र आउँदा व्यवसाय प्रभावित भएको उहाँको भनाइ छ । सौराहामा मात्र नभएर देशभरको अवस्था उस्तै रहेको अध्यक्ष पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, 'पर्यटक नआउनुको कारण खोज्नुपर्ने भएको छ ।'

सङ्घका उपाध्यक्ष गुणराज थपलिया चुनावका कारण विदेशी पर्यटक नआउँदा सौराहामा पर्यटकको सङ्ख्यामा कमी आएको बताउनुहुन्छ । चुनावपछि पर्यटक बढ्ने उहाँले अपेक्षा गर्नुभयो । होटल व्यवसायी सुमन घिमिरे चुनावको मुखमै पर्यटकको आगमनमा कमी आएको बताउनुहुन्छ । विशेष अवस्थामा चुनाव हुन लागेको उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रिय जगतमा यहाँको अवस्था शान्तिपूर्ण छ भन्ने सन्देश पुग्न जरुरी भएको बताउनुभयो ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा गएको वर्ष यति बेला दैनिक चार खेप गर्ने हात्तीले अहिले एक खेप मात्र गर्ने गरेको बताउनुहुन्छ । पर्यटकको आगमनमा कमी आएपछि व्यावसायिक रूपमा पालिएका हात्तीका सञ्चालक प्रभावित भएका छन् । रेष्टुरेन्ट व्यवसायीसमेत रहनुभएका खतिवडाका अनुसार पर्यटक नआएपछि सौराहाका रेष्टुरेन्टमा प्रत्यक्ष प्रभाव परेको छ । मुख्य मौसममा पर्यटक घटेपछि पर्यटकीय गतिविधिमा काम गर्ने समग्र व्यवसाय प्रभावित भएको उहाँले बताउनुभयो ।

बनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपाने सौराहामा यो मौसममा पर्याप्त पर्यटक आउने भए पनि यस वर्ष कमी आएको बताउनुहुन्छ । होटल क्षेत्रमा लामो अनुभव सगाल्नुभएका उहाँ पर्यटक आउनेमा आशावादी हुनुहुन्छ । सौराहाका १४८ होटलमा ७ हजार २०० पर्यटक अट्ने क्षमता छ । यस क्षेत्रमा प्रत्यक्ष रूपमा ६ हजार ४०० जनाले रोजगारी पाएको छ । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा धेरै छ । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायिक वनमा दुर्लभ एक सिङ्गे गैंडा, पाटेबाघ, घडीयाल गोहीलगायतका दुर्लभ वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् । यसका साथै सौराहामा थारु संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछ । यसका साथै नेपालका विभिन्न सङ्घ संस्था कार्यक्रम गर्न सौराहा आउँछन् भने भारतीय नागरिक बढी मात्रामा यहाँ आउने गर्छन् । *स्रोत : उज्यालो अनलाइन ।*

# २३ जनाले रक्तदान गरे




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-५, बसन्तपुरमा रहेको भोजसिद्ध माध्यमिक विद्यालयको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । विद्यालयको स्वर्ण जयन्तीको अवसरमा शुक्रबार भएको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ